# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रत्ननगर नगरपालिका
## चितवन

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रत्ननगर नगरपालिका

चितवन

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रत्ननगर नगरपालिका

चितवन

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं.१९८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

चितवन ।

१. **कैफियत सहितको राय**- हामीले रत्ननगर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड २ लाख ७१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा असुल गर्नुपर्ने रू. २० लाख २९ हजार ,प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १७ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. ६३ लाख ४४ हजार र पेश्की बाँकी रु. १ लाख समेत गरी यस वर्ष रु.२ करोड २

लाख ७१ हजार बेरुजू कायम रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. १४ करोड ४१ लाख १९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु २५ लाख १ हजार फछ्र्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड १८ लाख ८९ हजार रहेको छ । **नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने रत्ननगर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रत्ननगर नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

# रत्ननगर नगरपालिका,
# चितवन जिल्ला,

## १. चालु वर्ष२०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४८ | ५४ | २०२७१ | ० | ० | ० | ४८ | ५४ | २०२७१ | २०२९ | ६३४४ | ११७९८ | ० | ० | १८१४२ | १०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | १४४११९ | ० | २५०१ | १४१६१८ | ० | २०२७१ | १६१८८९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | चालु आव०७९।८०तर्फको | | | प्रतिक्रिया प्राप्त नभएको |
| | गत विगत वर्षतर्फको | | | |
| | ०७७।७८ | | असूल भई आएको | ३००० |
| | २०७६।७७ | ५७ | प्रमाण पेश भई आएको | १००००० |
| | ०७५।७६ | २३ | कार्य सम्पन्न प्रमाण पेश भई आएको | ३००००० |
| | ०७५।७६ | २८ | कार्य सम्पन्न प्रमाण पेश भई आएको | १८००००० |
| | ०७४।७५ | ६.४ | दाखिला प्रमाण पेश भई आएको | २७३८७२ |
| | ०७४।७५ | ५३ | दाखिला प्रमाण पेश भई आएको | १८५६१ |
| | ०७३।७४ | १८ | दाखिला प्रमाण पेश भई आएको | ५१०० |
| | चालु आवको जम्मा | - | - | ० |
| | गत विगतको जम्मा | - | - | २५००५३३ |
| | कुल जम्मा | - | - | २५००५३३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १६ वडा रहेको छ, ८४ सभा सदस्य तथा क्षेत्रफल ६९ वर्ग किलोमिटर तथा ८९००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२९ देखि २०८०।१०।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल

गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आयतर्फ रु. १४६५३३८३८४।६७ र व्ययतर्फ रु. १५३६४५३११९।९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३१६३६७ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| वापत | रकम | दाखिला मिति | दाखिला बैङ्कको नाम | मार्फत |
|---|---|---|---|---|
| जरिवाना जफत प्रोत्साहन | ४२५०० | ०८०।१०।३ | राष्ट्रिय वाणिज्य बैङ्क | ईलाका प्रहरी कार्यालय टाडि |
| अपुग विल | १०१०० | ०८०।१०।२ | राष्ट्रिय वाणिज्य बैङ्क | का।अ। सन्तोष थापा |
| छुट कर रकम | ९४५० | ०८०।१०।३ | राष्ट्रिय वाणिज्य बैङ्क | यूवा समाज नेपाल |
| मु अ कर रकम असुली | १०२७० | ०८०।१०।४ | राष्ट्रिय वाणिज्य बैङ्क | टोल विकास कार्यक्रम |
| झुवानि मा वि | १४२४६ | ०८०।१०।२४ | ०८०।१०।२४ | विभिन्न |
| अक्षयकोष | ५०००० | | | |
| पञ्चकन्या मा वि | ५४१२४ | ०८०।१०।२४ | ०८०।१०।२४ | |
| बछौलि मा वि | ९१७८९ | ०८०।१०।२४ | ०८०।१०।२४ | |
| ओम शान्ति रा आ वि | १०६३८ | ०८०।१०।१५ | ०८०।१०।२४ | |
| अनुगमन भत्ता | २१२५० | ०८०।१०।१६ र १७ | ०८०।१०।२४ | |
| शंकर गिरी | २००० | ०८०।१०।१४ | ०८०।१०।२४ | |
| | जम्मा | ३१६३६७ | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची -३ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २९८८२२०९८।०० र आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट प्राप्त (पार्क निर्माण) ७९९७२२४।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १५५८६६५१५.३३ यस वर्षको प्राप्ति रु. ३०७७५२५६२.८२ ,यस वर्षको भुक्तानी रु. ३३८२९१९०९.३५ र बैङ्क मौज्दात रु. १४३२१०६६३.९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

आयव्यय विवरण

आ.व २०७९।८०

रत्ननगर नगरपालिका चितवन

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | जम्मा रकम | सि.नं | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६८६९७२१९७ | १ | चालु खर्च | | ७६५९६९११४ |
| | संचित कोष | ६४३८२८५१० | | | क) आन्तरिक आय संचित कोष समेत | २५३६१७४५२ | |
| | धरौटी खाता | १५३३८०१५ | | | ख) संघीय सशर्त अनुदान | ३४३०५९३३८ | |
| | कर्मचारी कल्याण कोष | ९००५१८६ | | | ग) संघीय समानिकरण अनुदान | १०६२८१७७२ | |
| | मर्मत सम्भार कोष खाता | ८२९८५० | | | घ) संघीय राजश्व बाँडफाँड | २७३२५३९८ | |
| | नगरपालिका विकास कोष खाता | ३१००१० | | | ङ) प्रदेश सशर्त अनुदान | १७३६७१४४ | |
| | प्रकोप व्यवस्थापन कोष खाता | ६२४८५० | | | च) प्रदेश समानिकरण अनुदान | १११५६६६९ | |
| | कोरोना प्रकोप व्यवस्थापन कोष खाता | ४३६७२३८ | | | छ) संघीय सरकार विशेष अनुदान चालु | ७१६१३४२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग-२-७ खातामा मौज्दात | ९१५८२९३ | | २ | पूँजिगत तर्फ | | ४४७९४५००० |
| | ग-५-१ विविध खातामा मौज्दात | ३५१०२४६ | | | क) आन्तरिक आय संचित कोष समेत | १४९५७३९७८ | |
| २ | राजश्व | | ३४७७३१८३८ | | ख) संघीय सशर्त अनुदान | ३४६६८९२४ | |
| | क) आन्तरीक राजश्व | ११३५८३५६१ | | | ग) संघीय समानिकरण अनुदान | ७३३०१९७७ | |
| | ख) राजश्व बाँडफाँड संघ | ९१४८४४१० | | | घ) संघीय राजश्व बाँडफाँड | ४२३०४४०८ | |
| | ग) राजश्व बाँडफाँड प्रदेश | ४०५५८९६६ | | | ङ) संघीय सरकार विशेष अनुदान | ३६०५१११६ | |
| | घ) मालपोतबाट प्राप्त | १०२१०४९०१ | | | च) प्रदेश सशर्त अनुदान | २१२४९७१५ | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ६४६६१००१६ | | छ) प्रदेश समानिकरण अनुदान | ० | |
| | क) वित्तीय समानिकरण | १९३८८०००० | | | ज) प्रदेश राजश्व बाँडफाँड | ५१६७१८०७ | |
| | ख) सशर्त अनुदान | ४०३४१६००० | | | झ) प्रदेश समपुरक अनुदान | २४२६१०७० | |
| | ग) समपुरक अनुदान | ० | | | ञ) सडक बोर्ड नेपाल | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ४९३१४०१६ | | | ट) लागत सहभागिता | १४८६२००५ | |
| ४ | प्रदेश सरकार | | ८६५१४०७० | | ठ) राजश्व बाँडफाँड स्थानीय | ० | |
| | क) वित्तीय समानिकरण | २०८७५००० | | | ड) जिल्ला समन्वय समिति | ० | |
| | ख) सशर्त अनुदान | ४०५०३००० | | ३ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ३०६८१९३२२ |
| | ग) समपुरक अनुदान | २४२६१०७० | | | क) सामाजिक सुरक्षा | २९८८२२०९८ | |
| | घ) विशेष अनुदान | ८७५००० | | | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ७९९७२२४ | |
| ५ | अन्तर स्थानीय तहबाट | | ० | | ग) प्रदेश पूर्वाधार विकास स्वास्थ्य प्रवर्द्धन तथा | ० | |
| | विभाज्य कोष नदीजन्य वापत | ० | | | घ) सामाजिक विकास मन्त्रालय बकुलहर अस्पताल | ० | |
| ६ | विभिन्न प्राप्ति | | ४५७३२५४३ | | ङ) पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास | ० | |
| | बेरुजु | ४१७४७४ | | ४ | अन्य खर्च | | १९६४१३६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धरौटी जफत | ० | | | पर्यटन पुर्वाधार खर्च | ० | |
| | जनसहभागिता | ३३४२९८०४ | | | युनिसेफ नेपाल खर्च समेत | १९६४१३६ | |
| | रोड बोर्डबाट प्राप्त अनुदान | ११८८५२६५ | | ५ | अन्य कोष तर्फको खर्च | | १३७५५५४८ |
| ७ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ३०६८१९३२२ | | धरौटी खर्च | ७९३९४३८ | |
| | क) सामाजिक सुरक्षा | २९८८२२०९८ | | | कर्मचारी कल्याण कोष खर्च | ५६५६६९४ | |
| | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ७९९७२२४ | | | कोरोना प्रकोप व्यवस्थापन खर्च | ६८३४४ | |
| ८ | अन्य अनुदान | | ६६७८१७९ | | करार कर्मचारीहरूको अवकाश खर्च | ९१०७२ | |
| | ग-5-1 विविध खातामा आम्दानी | २१२९३५६ | | ६ | अन्तिम मौज्दात | | ६१५८५७४६२ |
| | विविध आम्दानी ग-२-७ खातामा | ४५४८८२३ | | | संचित कोष | ५६४८३७४९३ | |
| ९ | विभिन्न कोष तर्फको आय | | २५२५२४१७ | | धरौटी खाता | १८५७८६४० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धरौटी आय | १११८००६३ | | | कर्मचारी कल्याण कोष | ९०८६२१७ | |
| | कर्मचारी कल्याण कोष | ५७३७७२४ | | | मर्मत सम्भार कोष खाता | ८२९८५० | |
| | कोरोना प्रकोप व्यवस्थापन कोष खाता | ० | | | नगरपालिका विकास कोष खाता | ३१००१० | |
| | साट्न बाँकी चेक | ८३३४६२९ | | | प्रकोप व्यवस्थापन कोष खाता | ६२४८५० | |
| | | | | | कोरोना प्रकोप व्यवस्थापन कोष खाता | ४२९८८९४ | |
| | | | | | ग-२-७ खातामा मौज्दात | ११६५१९०८ | |
| | | | | | ग-५-१ विविध खातामा मौज्दात | ५६३९६०२ | |
| | कुल जम्मा | २१५२३१०५८२ | २१५२३१०५८२ | | कुल जम्मा | २१५२३१०५८२ | २१५२३१०५८२ |

***<u>तुलना</u>***

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५३११०५६८१.६७ | ११५७५८५८२२.१८ | ११९८१६१२१०.६५ | ४७२६४६७९८.१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६८६९७२१९७. | १४६५३३८३८५. | १५३६४५३१२०. | ६१५८५७४६२. |
| फरक | -१५५८६६५१५.३३ | -३०७७५२५६२.८२ | -३३८२९१९०९.३५ | -१४३२१०६६३.९ |

२.४ पालिकाको प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको गत वर्षको बाँकि मौज्दात् रु. ३३,२२,५०,१४३.९९ मा कुल प्राप्ति रु. ११५७५८५८२२.१८जोड गरी कुल भुक्तानी रु. ११९८१६१२१०.६५ घटाउँदा अन्तिम मौज्दात् रु. ४९०५३०२९३ बाँकि हुने देखिन्छ । तर कार्यालयले सुत्र प्रणाली प्रयोग गरी तयार गरेको वित्तिय विवरणमा वर्षान्तमा बाँकि मौज्दात् रु. ४७२६४६७९८.१ मात्र देखाएको छ । प्रणालीको हिसावमा अन्तिम मौज्दात् मा फरक परेको रु.६२५८४७११ का सम्वन्धमा हिसावमिलान गर्नुपर्दछ ।

२.५ त्यस्तै सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु ३३,२२,५०,१४३.९९रहेकोमा यस वर्ष रु ५३११०५६८१.६७जिम्मेवारी सारेको छ । यसरी फरक जिम्मेवारी सारेको रु १९८८५५५३७.६८ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.६ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४ मा श्रेस्ता तथा बैंक अनुसार फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०१०१०००३ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०१०२०००३ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०१०३०००३ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०२०२०००३ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०२०४०००३ | ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०२०७०००३ | ग २.७, विविध खर्च खाता | १,१६,५१,९०७.७० | १,१६,५१,९०७.७० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०३००००३ | ग ३.१, स्धानीय तह धरौटी खाता | २,०२,०५,३५७.६४ | १,८५,७८,६३९.६४ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३००३०३००००३ | ग ३.१, स्धानीय तह धरौटी खाता | (१६,२६,७१८.००) | |

| | | | | |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०४०१०००३ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५५,६१,९२,२३९.६० | ५६,४८,३७,४९२.७३ |
| नेपाल बैंक लिमिटेड | १०४८०१००१००९२४१०००००१ | ग ५.१, कर्मचारी कल्याण कोष खाता | ८६,४५,२५३.१३ | ०.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०५०१०००३ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ५६,३९,६०१.०० | ५६,३९,६०१.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १८३०१००३०६०१०००३ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | | (१२,८०,६०,८४२.९७) | |
| | | जम्मा | ४७,२६,४६,७९८.१० | ६०,०७,०७,६४१.०७ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु. ४७,२६,४६,७९८.१०बाँकि रहेकोमा वैंकमा जम्मा रु. ६०,०७,०७,६४१.०७- मौज्दात् देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात् बढी देखिएको रु. १२,८०,६०,८४२.९७ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

३ **समपुरक अनुदान** - बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०% रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ। त्यस्तै संघिय समपुरक अनुदान कार्यविधि समेतमा समान अनुपातमा लागत सहभागिता रहनुपर्ने उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको ५०% ले हुन आउने रकमको चालु आ व २०८०।८१ मा सोहि कामको वाकि काम भई कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सोहि वरावरको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.

| योजनाको नाम | प्रदेशवाट खर्च लेखिएको रकम | पालिकावाट खर्च लेखिएको रकम | आनुपातिक रुपमा कम खर्च लेखिएको रकम | कैफीयत |
|---|---|---|---|---|
| झुवानी ढुंग्रेखोला तटवन्धन वडा नं ५ (वाटर किङ्गडम नजिक) | ११६८९००० | ११२१३८२२ | ४७५१७८ | कार्यसम्पन्न भईसकेकोमा पालिकाको अंश नपुग भएको |

| | | | | |
|---|---|---|---|---|
| मालपुर गणेश मन्दिरवाट चराचोक हुदै सामुदायिक मार्गमा फुटपाथ नाला वडा ६ र ७ | १२५७२००० | ७८६४५५३ | ४९५९७० | आ व २०८०।८१ मा ४२११४७७ को काम गराएको |
| | | जम्मा | ९७११४८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७१,१४८ |

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा मापदण्ड बनाएकोमा सो अनुरुपका आधारमा कन्टिन्जेन्सि खर्च गरेको पाईएन । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको ।

• खर्च लेखेको केहि गोश्वारा भौचर लेखा शाखामा नभई फाँटवालाले राख्ने गरेको ।

• कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा अधिकार प्राप्त अधिकारी तथा कार्यालय प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित नभएको ।

• डोर हाजिर फाराम प्रमाणित नगरेको ।

• वडावाट खरिद भएका जिन्सि सामान पाम्समा दाखिला नगरेको ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ५ पालनाको लेखापरीक्षण

५.१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक

वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१ मा रु.२ अर्व १५ करोड २३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५.५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार ४७८ वटा योजनामा खर्च लेखेको पाईयो ।

| | रु. १लाख सम्म | रु. १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५ लाखदेखि १० सम्मका | रु. १०-५० लाख सम्म | रु. ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडास्तरीय | ६४ | ७४ | ६७ | ३६ | १४ | ० | २५५ |
| नगरस्तरीय | २२ | ४७ | ७५ | ३३ | ४५ | १ | २२३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.६ **लक्ष्य प्रगति -** पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ ।

५.७ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४४७९४५००० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०३१८४००० | ७६५०१२०२ | ६ |
| २ | पूर्वाधार विकास | ६४९९५०००० | ३९८८२५००० | ३३ |
| ३ | सामाजिक विकास | ४९३०६२००० | ४४१६७४९७५ | ३६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२५१७५००० | ९९६७२००० | ८ |
| ५ | बातावरण तथा विकास | | ० | |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २६२०६०००० | १९७२४०१६७ | १६ |
| | जम्मा | १७३३४३१००० | १२१३९१३३४४ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी अर्थात् ६ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

६ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र जम्मा कर राजस्व अनुमानको तुलनामा १०८ प्रतिशत संकलन भएको छ । राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ११३१३ एकीकृत सम्पती कर | ३,००,००,०००.०० | १,०१,२७,३७९.१२ | ३,०१,३५,४९७.०० |
| ११३१४ भुमिकर/मालपोत | ५०,०००.०० | ०.०० | ५००.०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४,००,००,०००.०० | १०,२१,०४,९००.८० | १७,१८,८३,१३८.६७ |
| ११३२१ वहाल कर | १,००,००,०००.०० | १,८२,८६,१००.९५ | १,३३,५२,४९५.७८ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२,२८,८०,०००.०० | ६,६९,८९,२८४.४४ | ८,९१,०५,५६७.१४ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | २,४४,९५,१२५.५७ | २,४७,३७,६८६.५५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २०,०००.०० | २,०००.०० | ९,०००.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,५९,७२,०००.०० | ४,०५,५८,९६४.६९ | ३,९७,०५,५७८.६१ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३०,००,०००.०० | ०.०० | ०.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १,०००.०० | ०.०० | ०.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १०,००,०००.०० | १९,५३,०००.०० | ०.०० |
| ११६९१ अन्य कर | २०,०००.०० | ०.०० | २४,३२,१२५.०० |
| जम्मा कर राजस्व | २४,२९,४३,०००.०० | २६,४५,१६,७५५.५७ | ३७,१३,६१,५८८.७५ |

७ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १०३९९४३४०८ | १५९३१६१०४.५८ | १५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ११३१३ एकीकृत सम्पती कर | ३,००,००,०००.०० | १,०१,२७,३७९.१२ | ३,०१,३५,४९७.०० |
| ११३१४ भुमिकर/मालपोत | ५०,०००.०० | ०.०० | ५००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ४,००,००,०००.०० | १०,२१,०४,९००.८० | १७,१८,८३,१३८.६७ |
| ११३२१ वहाल कर | १,००,००,०००.०० | १,८२,८६,१००.९५ | १,३३,५२,४९५.७८ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२,२८,८०,०००.०० | ६,६९,८९,२८४.४४ | ८,९१,०५,५६७.१४ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | २,४४,९५,१२५.५७ | २,४७,३७,६८६.५५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २०,०००.०० | २,०००.०० | ९,०००.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,५९,७२,०००.०० | ४,०५,५८,९६४.६९ | ३,९७,०५,५७८.६१ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३०,००,०००.०० | ०.०० | ०.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | १,०००.०० | ०.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १०,००,०००.०० | १९,५३,०००.०० | ०.०० |
| ११६९१ अन्य कर | २०,०००.०० | ०.०० | २४,३२,१२५.०० |
| जम्मा कर राजस्व | २४,२९,४३,०००.०० | २६,४५,१६,७५५.५७ | ३७,१३,६१,५८८.७५ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,५०,०००.०० | १,३३,१००.०० | १,३७,७००.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ०.०० | ८,६४,३५६.०८ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ३५,००,०००.०० | १,०७,१०,०००.०० | ५३,३८,०५८.६० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १०,०००.०० | ०.०० | ०.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ७००.०० | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३२,५०,०००.०० | ४,४७,०१०.०० | ५,७०,३७५.०० |
| १४२२१ न्यायिक दस्तूर | ०.०० | ०.०० | १,२३,४०४.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १,०००.०० | ०.०० | ०.०० |
| १४२२४ परीक्षा शुल्क | १,०००.०० | ०.०० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १५,००,०००.०० | ८,०२,००५.०० | १०,६८,४३०.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ११,००,०००.०० | ०.०० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | १,२८,००,०००.०० | ८१,१७,७६४.१४ | १,४१,३९,६२२.५२ |
| १४२४३ सिफारिश दस्तुर | १,३०,००,०००.०० | ४६,७३,५२३.१२ | १,५४,९७,७८७.३२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८,००,०००.०० | ७,७५,८५९.०० | ८,१२,८९०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | ३,०८,७८०.०० | २,६९,७८०.०० |
| १४२४९ अन्य दस्तुर | ५२,००,०००.०० | ३९,१७,५१५.५० | ५६,५०,६०६.८० |

| | | | |
|---|---|---|---|
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,१०,००,०००.०० | १,६१,१६,४९१.२० | १,३३,०९,५८९.९८ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १०,०००.०० | ७,०००.०० | ९,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | १,८१,९८,२००.०० | १,३२,१४,२५७.५० | ८५,६०,२०२.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,००,०००.०० | ४,०४०.०० | ०.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १५,००,०००.०० | ९,७३,२६६.४० | १२,४०,११४.५० |
| १४३१३ धरौटी सदरस्याहा | १,००,०००.०० | ०.०० | ०.०० |
| १४५२९ अन्य राजस्व | १,००,०००.०० | ३४,३९,३८३.५५ | २,१२,१५,०९२.३१ |
| जम्मा गैर कर राजस्व | ७,२६,७०,२००.०० | ६,३६,४०,६९५.४१ | ८,८८,०७,००९.११ |
| जम्मा आन्तरिक राजस्व | ३१,५६,१३,२००.०० | ३२,८१,५७,४५०.९८ | ४६,०१,६८,५९७.८६ |

पालिकाले व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

९ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १५९३१६१०४ राजस्व बाँडफाँडवाट रु. २३४१४८२७६ र अनुदान समेत रु. १४६५३३८३८५ आम्दानी भएकोमा चालु तर्फ रु.७६५९६९११३ र पूँजिगत तर्फ रु. ४४७९४५००० र वित्तीय ब्यबस्था तर्फ रु. ३२५३९००६ समेत रु. १५३६४५३११९.९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.३६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१३७६४००० खर्च भएको छ जुन आन्तरिक आयको ८.६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९ प्रतिशत चालु, २९ प्रतिशतमात्र पूँजिगत निर्माणमा र २२ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको चौमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ७६५९६९००० | १९३०६१००० | २०४४२७००० | ३६८४८०००० | २१४३३८००० |
| पूँजिगत खर्चतर्फ | ४४७९४५००० | ३९७४९००० | ७५६८६००० | ३३२५०८००० | १६३२७१००० |
| जम्मा | १२१३९१४००० | २३२८१०००० | २८१०१३००० | ७००९८८००० | ३७७५९९००० |
| कुल खर्च प्रतिशत | ७० | १९ | २३ | ५७ | ३१ |
| पूजिगत खर्च प्रतिशत | | ८ | १६ | ७४ | ३६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. ४४७९४५००० निकासा भएकोमा प्रथम चौमासिकमा ८ प्रतिशत, दोस्रो चौमासिकमा १६ प्रतिशत, तेस्रो चौमासिकमा ७४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा १२ महिनाको जम्मा रु १ करोड ३७ लाख ६४ हजार खर्च लेखेको देखिन्छ ।

१२ **दरवन्दि वाहिरका पदमा कर्मचारी करार** - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको पद नगर प्रहरी सवारी चालक सयस बगैंचे प्लम्वर लगायतका पद तथा सेवामा वाहेक काररमा नियुक्त गर्न पाईने व्यवस्था छैन । बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा

सम्वन्धी ऐन, २०७५ (पहिलो संसोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । साथै पदाधिकारी सुविधा सम्वन्धमा स्पष्ट व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । यस सम्वन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानिय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्विकृत दरवन्दिभन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखि तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्थानिय सरकार गठन भएको ५ वर्ष पुरा भएको यस अवधिमा शुरु वर्ष लोक सेवा आयोग संघवाट पदपुर्ति भएको तथा पटक पटक प्रदेश लोक सेवा आयोगवाट समेत विज्ञापन भएको अवस्थामा स्थायि पदपुर्ति माग गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । तर पालिकाले नियममा भएको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त भुक्तानी गरेको अनियमित देखिएको रु.

| पद | दरवन्दि | कार्यरत | बढी संख्या | लोक सेवा आयोगमा माग नगरेको | संघ तथा प्रदेशको दरवन्दि वाहेकका पद संख्याको पारिश्रमिक | कार्यरत अवधि |
|---|---|---|---|---|---|---|
| ईन्जिनियर | ४ | ५ | १ | २ जना करारमा | हालसम्म लोक सेवा आयोगमा कर्मचारी माग नगरी करारमा भर्ना | विगत ५ वर्ष देखि निरन्तर |
| कार्यक्रम अधिकृत छैठौं | १ | १ | ० | १ जना करारमा | | विगत ५ वर्ष देखि निरन्तर |
| सहायक कम्प्युटर अपरेटर | ६ | ७ | १ | ७ जना करारमा | | विगत ५ वर्ष देखि निरन्तर |
| प्रेस संयोजक | ० | १ | १ | १ जना करारमा | १५०००० | २०७९।६।१ देखि हालसम्म |
| नगर प्रमुख सचिवालय निजि सचिव | ० | १ | १ | १ जना करारमा | ४५१४९० | २०७९।२।१२ देखि हालसम्म |
| | | | | जम्मा | ६०१४९० | |

| | |
|---|---|
| अनियमित भएको | ६,०१,४९० |

१३ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध खर्च शिर्षकबाट मात्र यस वर्ष कूल रु ३१४००००/- खर्च गरेको छ । वडा कार्यालयसमेत को लागी खाना विविध खर्च उल्लेख गरी कुल जम्मा रु.९८,८०,००० विनियोजन भएकोमा

९७८०४७८.३० खर्च भएको देखियो । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले यस वर्ष राजस्व तथा योजना व्यवस्थापनको सफ्टवेयरको लागी रु.६९२०००।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई खरिद गर्नुपर्दछ ।

१५ **सेवा प्रवाहको अभिलेख -** स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिका र पालिकामा रहेका १६ वडाहरुवाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकिकृत अभिलेख तयार गर्नुपर्नेमा पालिकाले सो अभिलेख राखेको देखिएन । पालिकाले सेवा प्रवाहको एकिकृत अभिलेख तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । पालिकाले सेवा प्रवाहको अभिलेख राख्नुपर्ने देखिएको छ ।

१६ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केहि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको ९ गरी कुल १४ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्यौंट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **पेश्कि वाँकि -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्यौंट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।

पालिकावाट प्राप्त विवरण अनुसार रु. २६,०४६,८९२.०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले म्याद नाघेको रु. १००००० समेत नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| | |
|---|---|
| पेश्की | १,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूची -४ मा संलग्न छ ।)**

१९ **शिक्षक दरबन्दी र पदपूर्ति**- आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| २७ | ३६५ | २७० | ९५ | ० | ११६३१ | ०१:३१.९ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात ३१ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

२० **प्रति विद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | ३१०३४४५०० | २९०१७७१३४ | ११६३१ | २६६८२.५२ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२६,६८२। रहेको देखिन्छ ।

२१ **सेनेटरी प्याड व्यवस्थापन** - सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाइ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस आ व मा कक्षा ६ देखि १२ सम्मका ३०५० जना छात्राका लागि गोरक्ष निखिल ट्रेडर्स (६००६०७१४२) बाट ६७४२ वटा र रिजाल सेनेटरी प्याड उद्योग (६११२५४१३९) बाट १४५००

वटा सेनेटरी प्याड खरिद गरी कुल रु ७९९,९३८.३०। भुक्तानी गरेको छ । जसमध्ये १४,५०० प्याकेट विद्यालयलाइ वितरण गरी ६,७४२ प्याकेट मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ ।

२२ **विमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्यूनीकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| क.सं | योजनाको नाम | ल.ई. | भुक्तानी |
|---|---|---|---|
| १ | मुसहर वस्ती आवास निर्माण | ४४,४४,४६०।- | ३६,९९,८५९।८५ |
| २ | मनहरा टोलको झोलुङ्गे पुलको पश्चिम तर्फ तटवन्धन निर्माण | २७,३८,०८८।५१ | २७,१४,६३०।९० |
| ३ | गणेशचोक-लालपर्सा सडक कालोपत्रे निर्माण योजना, र.न.पा.९ | ३१,६०,२२७।९४ | २९,९४,४६७।०१ |
| ४ | श्रीकृष्ण पार्क तटवन्धन निर्माण योजना, रत्ननगर-१० | ४२,२३,३३९।५४ | ४१,०९,१९२।७२ |
| ५ | पञ्चकन्या नहर जल उपभोक्ता संस्था, रत्ननगर-९ | २७,६१,९०६।८५ | २३,२२,४२१।९६ |
| ६ | शान्ती चोक ड्राईवर चोक उत्र भ्याल्लरघारी चोकसम्म कालोपत्रे, रत्ननगर-१५ | ३०,५१,४७६।५२ | ३०,५१,४७६।५२ |
| ७ | नगर स्वास्थ्य केन्द्र टरौली, भवन निर्माण योजना, रत्ननगर-५ | ४२,२८,८८४।५३ | ४०,५४,०८६।३९ |
| ८ | टाँसी उर्गेन गुम्वा शान्ती पार्क निर्माण योजना, रत्ननगर-७, चितवन | ४३,२५,३१०।१० | ३८,८०,०००।४२ |
| ९ | जनजागृती सहकारी संस्था लि. मार्ट निर्माण | ७९,०२,७९४।१६ | ७८,९५,७१५।३८ |
| १० | शहिद स्मृती बहुमुखी क्याम्पस कम्प्युटर ल्याव निर्माण योजना | २७,७८,७७०।४७ | २७,०५,९४१।७१ |
| ११ | बहुउदेशीय कभर्डहल निर्माण, रत्ननगर-४ | ३१,३३,६३८।१३ | २८,५०,७०६।७४ |
| १२ | ज.जा.मा.वि.टोल सडक मर्मत योजना, रत्ननगर-१४ | २४०००२१।२३ | २४०००२१।२३ |

२३ **प्रोग्राम अपडेट -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का

सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्षका पालिकाले म्याद थप भएका समेत देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्ने रु.

| आयोजनाको नाम | ठेक्का सुचना नं | ठेक्का स्वीकृत फर्म।कम्पनी | प्रोग्राम अपडेट दिन | प्रोग्राम अपडेट रकम |
|---|---|---|---|---|
| बछ्यौली स्वास्थ्य चौकी भवन निर्माण, रनपा ६ | RAT/CHITWAN/WORKS/NCB/03/2079-080 | Shree Lalit Nirman Sewa, Rapti-5, Bhandara | ३० | १००००० |
| मालपुर गणेश मन्दिरबाट चारचोक हुँदै सामुदायिक मार्गमा फुटपाथ सहितको नाला निर्माण, रनपा ६ र ७ | RAT/CHITWAN/WORKS/NCB/04/2079-080 | Shibam Construction, Bharatpur- 11, Chitwan | ३० | १००००० |
| बकुलहर रत्ननगर अस्पताल देखि उत्तर सुब्बा चोकसम्म फुटपाथ सहित सडक तथा नाला निर्माण, रनपा २ | RAT/CHITWAN/WORKS/NCB/07/2079-080 | Indradevi-Hari J/V, Lead: Indradevi Nirman Sewa, Sub: Hari Nirman Sewa, Kohalpur-4, Banke | ३० | १००००० |
| नेपाल नमूना मा.वि.को भवन निर्माण, रनपा २ | RAT/CHITWAN/WORKS/NCB/08/2079-080 | Manakamana Contractor & Builder's Pvt. Ltd., Bharatpur, Chitwan | ३० | १००००० |
| जनजागृति मा.वि. भवन निर्माण, रनपा १४ | RAT/CHITWAN/WORKS/NCB/12/2079-080 | Natural Furnishing and Construction Pvt. Ltd., Kalanki-14, Kathmandu | ३० | १००००० |
| पञ्चकन्या मा.वि., जिरौनाको | RAT/CHITWAN/WORKS/NCB/16/2079-080 | SO Construction, Baneshwor, Kathmandu | ३० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| ४ कोठे भवनको दोश्रो तल्ला निर्माण, रनपा ११ | | | | |
| विभिन्न वडाको सडक कालोपत्रे निर्माण, रनपा १,६,७,१० र १४ | RAT/CHITWAN/WORKS/NCB/18/2079-080 | Rana Nirman Sewa, Ratnanagar-3, Chitwan | ३० | १००००० |

२४ **डीपीआर खर्च-** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसकेमा परामर्श सेवा खरिद गर्ने सकिने उल्लेख छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नानुसार परामर्श शुल्कवापत भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम निम्न रहेको छ ।

| योजनाको नाम | लागत रकम | फर्मको नाम/ठेगाना | सम्झौता रकम |
|---|---|---|---|
| रत्ननगर नगरपालिकाको प्रशासनिक भवन र बैरिया मा.वि.को ४ कोठा ३ तले कक्षाकोठा | ८११३९२५८ | यूज्वी ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. काठमाण्डौं | ८५६५४० |
| विभिन्न स्थानमा फुटपाथ सहितको नाला तथा साईकल लेन निर्माण | १३६३०३६८०१ | डायनामिक रिसोर्सेज मेनेजमेन्ट सर्भिस प्रा.लि. बुद्धनगर काठमाण्डौं | ९९३३२७ |
| १. बकुलहर चोक-ईलाका प्रहरी कार्यालय-कटन मिल चोक | | | |
| २. बकुलहर रत्ननगर अस्पताल (राजमार्ग देखि दक्षिण डुम्रीचोक) | | | |
| ३. शान्तिचोक-दोबाटो चोक-कालिका न.पा.को सिमाना | | | |
| ४. पारिजात चोक-जनजागृति स्कूल | | | |
| विभिन्न स्थानमा फुटपाथ सहितको नाला तथा साईकल लेन निर्माण | १२२००३५८६० | हेड कन्सल्टेन्सी प्रा.लि. ललितपुर | ९७४३४३ |
| १. चित्रसारी पुल-बछौली चोक-हात्तिसार चोक | | | |
| २. निपनी चोक-बाघमारा चोक-चित्रसारी पुल | | | |

| | | | |
|---|---|---|---|
| ३. भानुचोक-सालघारी चोक | | | |
| विभिन्न स्थानमा फुटपाथ सहितको नाला तथा साईकल लेन निर्माण (तेश्रो चरण) | १२२००३५८६० | रिलायन्स ईन्जिनियरिङ्ग प्रा.लि. काठमाण्डौं | ९८५६३१ |
| 1. भोकाहा चोक-पडरिया चोक सातढ्वाङ्ग-चिसापानी-मनिखोला | | | |
| 2. सुब्बाचोक-डुम्रीचोक-भट्टचोक-दिग्दर्शन चोक | | | |
| 3. पारिजात चोक-डुम्रीचोक पूर्व-उत्तर तर्फ-खनाल टोल-धुर्वचोक) | | | |
| कयरखोलाको नदीजन्य पदार्थ उत्खनन् कार्यको लागि IEE (Revised) अध्ययन | ४९६७६१ | | ४९६७६१ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु पुर्ण रुपमा कार्यान्वयनमा गएको समेत नदेखिएकोले कुन कुन योजना कार्यान्वयनमा लैजान सकिन्छ सो को पर्याप्त विश्लेषण गरि त्यस्ता योजनाहरु मात्र छनोट गरिनुपर्दछ ।

२५ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले

स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ वमा पालिका अन्तर्गतका ५ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/ नाली | २ | ५५०,८०० |
| २ | उर्जा सिँचाइ | ५ | २२,०५ ,०३६ |
| ३ | पूर्वाधार निर्माण | १ | ७९५,६०० |
| ४ | वन तथा वातावरण | ३ | ७७९,०७६ |
| ५ | खानेपानी तथा सरसफाइ | १ | ६१२,००० |
| जम्मा | | १२ | ४९,४२ ,५१२। |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु ७१,१८,०००। रकम व्यवस्था भएकोमा रु ६४,९८,०००। अर्थात ९१.२८ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु ४९,४२,५१२। श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ७३३ जना मध्ये यस वर्ष ८३ जनालाइ जम्मा ८०७६ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

२७ **ठेक्का अभिलेख**- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम

अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६ देखि ३८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| आयोजनाको नाम | ठेक्का स्वीकृत फर्म।कम्पनी | स्वीकृत ल.इ. | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|
| बछयौली स्वास्थ्य चौकी भवन निर्माण रनपा ६ | श्री Shree Lalit Nirman Sewa Rapti-5 Bhandara | ३७२९५६० | ३५०७१२३ | ६ |
| बकुलहर रत्ननगर अस्पताल देखि उत्तर सुब्बा चोकसम्म फुटपाथ सहित सडक तथा नाला निर्माण रनपा 2 | श्री JV Name: Indradevi-Hari J/V Lead: Indradevi Nirman Sewa Sub: Hari Nirman Sewa Kohalpur-4 | २५९९९७१६ | २३६८८३४२ | ९ |
| नेपाल नमूना मा.वि.को भवन निर्माण रनपा २ | श्री Manakamana Contractor & Builder's Pvt. Ltd. Bharatpur Chitwan | ११८४५५१७ | ८०२९८८७ | ३२ |
| घेघौली बहुउद्देश्यीय वृद्धवाटिका भवन निर्माण रनपा १२ | श्री Manakamana Contractor & Builder's Pvt. Ltd. Bharatpur Chitwan | ४५४८८३८ | ३११५३५५ | ३२ |
| विभिन्न सडक मोज्याक टायल बिछ्याउने काम रनपा 10 | श्री Modern Construction Bharatpur-7 Chitwan | ३२४१३३० | २०११४७६ | ३८ |
| पञ्चकन्या मा.वि. जिरौनाको ४ कोठे भवनको दोश्रो तल्ला निर्माण रनपा ११ | श्री SO Construction Baneshwor Kathmandu | ५१४५०३१ | ३५८३१६३ | ३० |
| मालपुर मा.वि. रनपा ७ को ४ कोठे भवन निर्माण र चित्रसारी मा.वि. रनपा ८ को २ कोठे भवन निर्माण रनपा ७ र ८ | श्री Manakamana Contractor & Builder's Pvt. Ltd. Bharatpur Chitwan | ७६७३३८२ | ५५७२४१२ | २७ |
| विभिन्न वडाको सडक कालोपत्रे निर्माण रनपा 16710 र 14 | श्री Rana Nirman Sewa Ratnanagar-3 Chitwan | ५७५६७४६ | ५३१९२३२ | ८ |

| | | | | |
|---|---|---|---|---|
| फोहोरमैला व्यवस्थापन स्थल निर्माण रनपा 11 | श्री PK Nirman Sewa Ratnanagar-16 Chitwan | ९१६७००० | ८२३७६२५ | १० |
| विभिन्न वडाको कालोपत्रे सडक मर्मत रनपा- 231013 र 14 | श्री New SB Construction Ratnanagar-12 Chitwan | १२१५००७९ | ११४४५४५३ | ६ |

२९ **कन्टिन्जेन्सी खर्च -** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी 4 प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस पालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च हुँदै आएको छ । यस वर्षको हालसम्मको कन्टिन्जेन्सि खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको कारण यस वर्षको कन्टिन्जेन्सि खर्च यथार्थपरक भए नभएको यकिन गर्न सकिएन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनुपर्ने उल्लेख भएकोमा सोको समेत पालना भएको छैन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भए नभएको यकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिएको छ ।

३० **गतवर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये अगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी दिइएका देहायका भुक्तानिहरु नियमसम्मत नभएकाले नियमित गर्नुपर्ने रु.

| भौन र मिति | खर्च शिर्षक | भुक्तानि रकम | भुक्तानि लिने पक्ष | कैफियत |
|---|---|---|---|---|
| १७५।६।११ | करार सेवा शुल्क | २१९९५ | सन्तोष कोईराला | सहायक पाचौं सन्तोष कोईरालाको ०७९।२।१२ देखि २।३० सम्मको छुट तलब भुक्तानि |
| ६७।५।२९ | सुत्र राजश्व जिन्सि योजना तलबी सफ्टवेयर अपडेट | ७३५८९ | गभर्नेन्स अटोमेशन सोलुसन प्राली | ०७८।७९ को सफ्टवेयर वार्षिक मर्मत शुल्क भुक्तानि |
| | जम्मा | ९५५८४ | | |

| | |
|---|---|
| अनियमित भएको | ९५,५८४ |

३१ **कर कट्टि छुट रकम** - आयकर ऐन २०५८ को दफा ८८ मा बैठक भत्ता वा पटके भत्ता भुक्तानिमा १५% का दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका विभिन्न कार्यक्रमहरुमा भत्ता भुक्तानि गरेकोमा नियमअनुसार १५% का दरले कर कट्टि गर्नुपर्नेमा कम दरमा कर कट्टा गरेकोले छुट कर रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | भुक्तानि लिएको नाम | भत्ता रकम | काट्नु पर्ने कर १५%% | काटेको कर १% | छुट कर रकम |
|---|---|---|---|---|---|---|
| १७३२।३।१३ | मन्टेश्वरी तालिम सञ्चालन | स्थानीय स्वरोजगार केन्द्र | ६०००० | ९००० | ६०० | ८४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०० |

३२ **नर्म्स विपरीत भुक्तानि** - बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को अनुसूची १ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा स्थानीयस्तरमा अधिकृतस्तरको तालिममा कार्यपत्र वापतरु. १००० र रु. प्रशिक्षण वापत रु. ४०० र सहायकस्तरको तालिममा कार्यपत्रवापत रु. ७०० र प्रशिक्षणवापत रु. ६०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ ।यस पालिकाबाट निम्नअनुसारको तालिम सञ्चालन गर्दा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल गर्नुपर्ने रु.

| भौ. नं . र मिति | कार्यक्रमको नाम र तालिम संचालनकर्ता | प्रशिक्षकको नाम | कक्षा संख्या | दिएको रकम | दिनु पर्ने | बढि कर कट्टि पश्चात |
|---|---|---|---|---|---|---|
| ११९४।१२।२७ | पशुसेवा विकास समबन्धि सबै प्रकारका कार्यक्रमहरु | बाह्य प्रशिक्षक शालिकराम पौडेल | २ | ५००० | २८०० | १८७० |
| | | बाह्य प्रशिक्षक सरोज कुमार भट्टराई | १ | २५०० | १४०० | ९३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाह्य प्रशिक्षक कृष्णकान्त न्यौपाने | १ | २५०० | १४०० | ९३५ |
| | | | | | जम्मा | ३७४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७४० |

३३ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दिमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष आन्तरीक स्रोतबाट कर्मचारी कल्याणकोषमा रु. ५० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोष सञ्चालन सम्बन्धि पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस सम्वन्धि कार्यविधि नै नबनेकोले कल्याणकोषमा सारेको रकम स्थानीय सँचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

३४ **तालिम कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले तालिम गोष्ठि सेमिनार तथा नागरिक सचेतना कार्यक्रम खर्च वापत संगिता कंडेलको नाममा रु. ५५७३० भुक्तानि गरेकोमा उक्त रकम वडा बैठकबाट अनुमोदन गरेको निर्णय, कार्यक्रममा सहभागिहरुको नामावली तथा तालिम सञ्चालन गरेको प्रमाण कागजात आदिपेश नभई आलिसान रेष्टुरेन्ट एण्ड रिफ्रेसमेन्ट सेन्टर चितवनको ३ थान खाजा विल संलग्न गरी संगिता कंडेलको नाममा भुक्तानि भएकोले सो को प्रमाण कागजात तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,७३० |

३५ **कक्षा ८ को परीक्षा व्यवस्थापन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५१ अन्तर्गत कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्यांकन शीर्षकमा प्रति विद्यार्थी वार्षिक रु २७५ का दरले खर्च गर्न सकिने र बजेट अपुग भएमा स्थानीय तहबाट थप बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ । तर, पालिकाले सशर्त तर्फको बजेटबाट इमिसको तथ्यांक बमोजिम पालिका अन्तर्गतका विद्यालयमा रहेका कक्षा ८ का कुल ७३५ जना विद्यार्थीको परीक्षा व्यवस्थापनका लागि रु २०२,१२५। खर्च गर्नुपर्नेमा परीक्षा व्यवस्थापनका लागि गो भौ नं २३४।०८०।०२।२९ बाट रु १८६६००। र गो भौ नं २५८।०८०।०३।०७ बाट रु ५५१,२७९। गरी कुल रु ५९७,३७४। खर्च गरेको पाइयो ।

यसरी स्वीकृत बजेटभन्दा बढी खर्च भएको रकम रु ३९५,२४९। संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९५,२४९ |

३६ **ननफाइलर** - मुल्य अभिवृद्धी कर नियमावली २०५३ को नियम २६(१) मा मुल्य अभिबृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्बत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा अर्थ मन्त्रालयको च नं ३२७ मिति २०७७।८।९ को पत्रले आयकर तथा मुल्य अभिबृद्धि कर दुबै तर्फ बिबरण नबुझाएकालाई बिबरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ । देहायका आपुर्तकको पान नं. सर्च गर्दा Income Tax non- filer २०७८।७९ देखिन्छ भने Latest Tax Clearance उल्लेख भएको पाईएन । तसर्थ पालिकाले आपुर्तिकर्तालाइ भुक्तानी गर्नु अघि उक्त आपुर्तिकर्ताले आयकर तथा मुल्य अभिबृद्धि कर दुबै तर्फ बिबरण बुझाएको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | संस्थाको नाम | विल मिति | विल रकम | भ्याट रकम |
|---|---|---|---|---|
| मेयर कप खेलकुद | कापी उद्योग/इन्द्रेणी स्टेसनरी तथा खेलकुद सामाग्री ६०१३५४३३५ | २०७९/९/८ | १६८०३६ | २१८४४ |
| ५५-२०८०/२/३२ | E Net solution ३०१८५५०९३ | २०८०/२/९ | १०६६३७ | १३८०२ |
| ५६-२०८०/२/३२ | Smart IT solution ६१५९७७५०० | २०८०/२/२९ | १०६१९४ | १३८०५ |
| ६०-२०८०/३/७ | Skyland International ६०१५६८२१७ | २०८०/२/२२ | १०६१९५ | १३८०५ |

३७ **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायी,आपूर्तिकर्ता तथा सेवाप्रदायकले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछी रिटेन्सन मनि फिर्ता दिनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| गो भौ नं | नाम | आ व | रकम | कैफियत |
|---|---|---|---|---|
| ३-२०७९/५/१२ | जे के कन्स्ट्रक्सन | ०७७/०७८ | १०५००० | मु अ कर समायोजन पत्र नभएको |
| ७-२०७९/५/१४ | मकवानपुर इ एफ टेक्नोलोजी | ०७७/०७८ | ९३४२० | मु अ कर समायोजन पत्र नभएको |
| ९-२०७९/५/१५ | चितवन आइटी सोलुसन | | १९२१४३ | मु अ कर समायोजन पत्र नभएको |
| १२-२०७९/५/१७ | क्लिन जोन नेपाल | | १५५००५ | मु अ कर समायोजन पत्र नभएको |
| १६-२०७९/५/२८ | दिप्सन मल्टिपर्पोज प्रा लि | | ४२५९२७ | मु अ कर समायोजन पत्र नभएको |
| १७-२०७९/५/२९ | दिप्सन मल्टिपर्पोज प्रा लि | | १०५००० | मु अ कर समायोजन पत्र नभएको |
| २०-२०७९/५/३१ | शिवम् ट्रेडिङ हाउस | ०७८/०७९ | १९९९४७ | मु अ कर समायोजन पत्र नभएको |
| २१-२०७९/५/३१ | गोर्खा विल्डर्स | ०७७/०७८ | ८९१७२ | मु अ कर समायोजन पत्र नभएको |
| ३०-२०७९/८/२५ | INET TRED HOM | | १३५६३६ | मु अ कर समायोजन पत्र नभएको |
| ३५-२०७९/१०/२२ | शनि देश सप्लायर्स | ०७७/०७८ | १०६५०० | मु अ कर समायोजन पत्र नभएको |
| ४०-२०७९/११/१५ | पोष्ट मेडिकल हल | ०७८/०७९ | ९०००० | मु अ कर समायोजन पत्र नभएको |
| ४८-२०८०/२/२५ | दक्षिण वराही निर्माण सेवा | ०७८/०७९ | १००२०० | मु अ कर समायोजन पत्र नभएको |
| | | जम्मा | १७९७९५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,९७,९५० |

३८ **निशुल्क पाठ्यपुस्तक अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाइ विद्यार्थी संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत र दोश्रो पटक

नपुग रकम २५ प्रतिशत विद्यालयको खातामा निकासा गर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा पहिलो किस्ता बापत गो भौ नं १८०।०८०।०१।२५ र दोश्रो किस्ता बापत गो भौ नं २९१।०८०।०३।१८ बाट निकासा गरेको छ। देहायको विद्यालयले पालिकाले निकासा गरेको रकम भन्दा कम रकमको पाठ्यपुस्तक खरिद गरेको छ । यसरी पुस्तक खरिद गरे पश्चात बाँकी रहेको बचत रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| क सं | विद्यालयको नाम | भुक्तानी रकम रु | पाठ्यपुस्तक खरिद रकम रु | बचत रकम रु |
|---|---|---|---|---|
| १ | श्री मोहना मा वि | १९५,५५७ | १७०,७०७ | २४,८४९ |
| २ | श्री नेपाल मा वि र न पा २ | ९३९,८०३ | ६८७,४३२ | २५२,३७१ |
| जम्मा रु | | | | २७७,२२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७७,२२० |

३९ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाइ सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु २९९३६०७१९ बजेट प्राप्त भएकोमा रु २९८८२२०९८ निकासा भइ बैंकले लाभग्राही खातामा दाखिला गरी बैंक खातामा रहेको मौज्दात रु १७३५१०६।२१ संघीय संचित कोषमा फिर्ता गरेको देखियो ।

४० **सुत्केरी विदामा सट्टा शिक्षक राखेको** - शिक्षा विभाग मानव श्रोत तथा विकास केन्द्र वाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा विद्यालयमा नियमित पठनपाठन गराउनु पर्ने र सट्टा शिक्षक राख्न नपाइने व्यवस्था रहेको छ । पालिकाले विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा नियमित विद्यालयमा अध्यापन गराउने शिक्षिका हरु सुत्केरी विदामा वसेको अवस्थामा निम्नानुसारका विद्यालयमा सट्टा शिक्षक नियुक्ती गरी विद्यालयलाई निकासा दिएको मा सट्टा शिक्षकमा नियुक्ती गर्न पाइने व्यवस्था नभएकोले पालिकाले द्वारिकादास माध्यमिक विद्यालयको शिक्षिका गिता चौधरीले सुत्केरी विदा लिएको समयमा संजिता कार्कीलाइ सट्टा शिक्षक राखेको रु ३७५०० भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,५०० |

४१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा नियम ८५ (४) मा सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ आपुर्तिकर्तावाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष शिक्षातर्फ विभिन्न विद्यालयलाई भुक्तानी भएको निम्नानुसारको खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी कोटेशन समेत संलग्न नगरी सिमा नघाई सोझै खरिद गरेको छ । यस्तो खरिद कार्य गर्दा ऐन तथा

नियमावलीमा भएको ब्यबस्था बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्ने हुँदा उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रु.

| गो भौ नं मिति | विद्यालयको नाम | नाम | विल मिति | विल रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ६९-२०८०/३/१७ | बकुलहर माध्यमिक विद्यालय | बागमती फाइवर एण्ड मेटल इण्डस्ट्रिज प्रा लि | २०८०/२/७ | ३१२००१ | २९१००० |
| ७४-२०८०/३/१९ | पंचकन्या मा.बि.जयमंगला | बागमती फाइवर एण्ड मेटल इण्डस्ट्रिज प्रा लि | २०८०/३/१३ | ३३१००३ | २९५५०० |
| ७९-२०८०/३/२१ | जनजागृति मा.वि | साइन्टिफिक मिडिया टेक्नोलोजि प्रा लि | २०८०/३/१२ | ३७४२८० | ४८४६८६ |
| ७९-२०८०/३/१९ | जनजागृति मा.वि | बागमती फाइवर एण्ड मेटल इण्डस्ट्रिज प्रा लि | २०८०/३/११ | ११०४०६ | |
| ८५-२०८०/३/२४ | बैरीया माध्यमिक विधालय | बागमती फाइवर एण्ड मेटल इण्डस्ट्रिज प्रा लि | २०८०/३/१३ | ३०१००१ | २९५५०० |

| | |
|---|---|
| अनियमित भएको | १३,६६,६८६ |

४२ **अनुगमन प्रतिवेदन नरहेको** - एकिकृत कृषि तथा पशुपन्छी विकास प्रबर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा देहायका फर्मले वाखा तथा भैसी खरिद गरेकोमा पेडियडिक सर्टिफिकेट र अनुगमन प्रतिवेदन पेश नभएको रु.

| गो भौ नं मिति | फर्मको नाम | खरिद गरेको संस्था | पशुको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६२-३/२३ | पम्फा मल्टि एग्रो फर्म | खुसी मल्टि एग्रो फर्म | १०० प्रतिशत वोयर वोका ५० प्रतिशत वोयर माउ | १५१००० | पेडियडिक सर्टिफिकेट र अनुगमन प्रतिवेदन समावेश नरहेको |
| ६०-३/२३ | कन्चन मल्टि एग्रो फर्म | सहदेव कृषि फर्म | भैसी ३ पाडो १ | ४७५००० | भेटेनरी सर्टिफिकेट अनुगमन प्रतिवेदन समावेश नरहेको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२६,००० |

४३ **अनुगमन भत्ता** - विद्यालय शिक्षा चालु, अर्थ मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को ७.१५ मा अनुगमन भ्रमण टोलि खटाउनुपरेमा कामसँग प्रत्यक्ष सम्वन्धित कर्मचारीहरुमात्र खटाउनुपर्ने व्यवस्था

रहेको छ । निर्देशिकामा अनुगमन भत्ता पाउने व्यवस्था रहेको छैन । तर पालिका अन्तर्गत विभिन्न विद्यालयहरुको विभिन्न मितिमा अनुगमन गरेको भनि निम्नानुसारको अनुगमन भत्ता भुक्तानी भएकोमा अनुगमन भत्ता भुक्तानी गर्ने आधार प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| नाम | संख्या | दर | रकम | करकट्टी व | वूझेको |
|---|---|---|---|---|---|
| छविलाल सुवेदी | ४ | १००० | ४००० | ६०० | ३४०० |
| बद्री नारायण शर्मा | १० | १००० | १०००० | १५०० | ८५०० |
| बालकृष्ण चापागाइ | ४ | १००० | ४००० | ६०० | ३४०० |
| राजेन्द्र प्रसाद वराल | १० | १००० | १०००० | १५०० | ८५०० |
| कृष्ण प्रसाद सुवेदी | ५ | १००० | ५००० | ७५० | ४२५० |
| खडानन्द घिमिरे | ४ | १००० | ४००० | ६०० | ३४०० |
| माया ढकाल | ४ | १००० | ४००० | ६०० | ३४०० |
| अम्विका गौतम | ४ | १००० | ४००० | ६०० | ३४०० |
| उदय भुजेल | १ | १५०० | | २२५ | १२७५ |
| सुनिता लामा | | १५०० | | २२५ | १२७५ |
| | | | | | ४०८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८०० |

## ४४ सम्झौताअनुसारको काम बाँकि हुदा हुदै कार्यसम्पन्न प्रतिवेदन तयार

४४.१ सार्वजनिक खरिद नियमावली २०६४(एघारौं संशोधन) को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सम्झौताको नब्वे प्रतिशत भन्दा कम काम भएको अवस्थामा समेत कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको अनियमित देखिएको रु.

| योजना | ल ई तथा सम्झौता | कार्यसम्पन्न | निर्माण गर्ने | वाकि काम | बाँकि काम रु |
|---|---|---|---|---|---|
| वहकुलर अस्पताल सुव्वा चोक सडक | २३६८८३४२ | २०९३४१४७ | ईन्द्रदेवि निर्माण सेवा, ठेक्का | १३ प्रतिशत | २७५४१९५ |
| रत्ननगर अस्पताल पर्खाल | ९९३७५९ | ५७६१७९ | श्रृवित ईन्फ्रास्ट्रक्चर प्रा लि, कोटेशन | ४३ प्रतिशत | ४१७५८० |
| जम्मा | | | | | ३१७१७७५ |

| | |
|---|---|
| अनियमित भएको | ३१,७१,७७५ |

४४.२ **(६५१-२०८०-३-२२) -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १ मा उपभोक्ता समितिसँग कार्य गराउन सकिने व्यवस्था रहेको छ । सडक ग्राभेल वडा नं ६ योजनाको लागी उपभोक्ता समितिसँग जम्मा रु. ९७३३४३ को लागत अनुमान तयार गरी सम्झौता गरेकोमा जम्मा रु ७८५८७८ अर्थात् ८० प्रतिशतको मात्र कार्यसम्पन्न भएको जनाएको छ । उपभोक्ता समितिले तोकिएको परिमाणमा काम नगरी सम्झौता भन्दा २० प्रतिशत कम काम भएकोमा भेरिएसन नगरेको तथा अन्तिम भुक्तानी भएको नियमसम्मत देखिएन ।

४५ **जिन्सि सामान फिर्ता दाखिला नभएको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ को उपनियम ४ मा जिन्सि बरवुझारथ सम्वन्धमा समयमै जिन्सि फिर्ता गर्नुपर्ने र कार्यालय प्रमुखले तोकिएको समयमा फिर्ता नगरेमा सरकारी बाँकि सरह असुल गर्ने उल्लेख छ । पालिकामा निम्नानुसारका जिन्सि सामान विभिन्न मितिमा तत्कालिन जनप्रतिनिधि तथा कर्मचारीले बुझिलिएकोमा लेखापरीक्षण अवधिसम्म पनि फिर्ता गरेको पाईएन । नियममा भएको व्यवस्था अनुसार जिन्सि सामान फिर्ता गर्नुपर्ने अन्यथा सरकारी बाँकि सरह असुल हुनुपर्ने देखिएको रु.

| सि नं | सामान बुझिलिने | सामानको नाम | संख्या | मुल्य | बुझिलिएको मिति |
|---|---|---|---|---|---|
| १ | शिशिर पौडेल | सामसुङ्ग ट्याव | १ | ३७४०० | २०७९।१।१५ |
| २ | अमर ढकाल | सामसुङ्ग मोवाईल | १ | २६००० | २०७४।१।११ |
| ३ | अमर ढकाल | डेल ल्यापटप | १ | ६४६०१ | २०७४।१।११ |
| | जम्मा | | | १२८००१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,००१ |

४६ **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा सार्वजनिक निर्माण कार्यको ठेक्का पट्टामा राखिएको कार्यसम्पादन जमानतको अवधी त्रुटी सच्याउने अवधिभन्दा १ महिना बढीको हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका कार्यमा म्याद थप भएकोमा सो अनुसारको कार्यसम्पादन जमानतको म्याद थप गरेको पाईएन । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्ने देखिएको छ ।

| आयोजना को नाम | ठेक्का स्वीकृत फर्म।कम्पनी | स्वीकृत ल.इ. | सम्झौता रकम | कार्य सम्पादन जमानत | कार्य सम्पादन जमानत अवधि | म्याद थप समेत सम्पन्न गर्नुपर्ने | जमानत पेश हुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| बकुलहर रत्ननगर अस्पताल देखि उत्तर सुब्बा चोकसम्म फुटपाथ सहित सडक तथा नाला निर्माण, | श्री JV Name: Indradevi -Hari J/V, Lead: Indradevi Nirman Sewa, Sub: Hari Nirman Sewa, Kohalpur -4, Banke | २५९९९७१५.९६ | २३६८८३४२.०३ | ४५००००० | 8 May, 2023 अथवा २०८०।१।२५ | २०८०।९।२९ | २०८१।१०।२९ सम्म |

४७ **उपभोक्ता समिति परिचालन सम्बन्धमा** - पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् ।

**(क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्ने सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात

समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

**(ग) हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

**(घ) जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

**(ङ) मर्मत सम्भार कोष -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएनकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

**(च) धरौटीको व्यवस्था -** उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

**(छ) खर्चको अनुमोदन -** नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई

सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

**ज) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

**छ) पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन ।

| गो भौ नं | मिति | वडा भवन | भुक्तानी रकम |
|---|---|---|---|
| १२६ | ०१/२१/२०८० | वडा कार्यालय भवन निर्माण वडा नं १२ | २२२६०६ |
| ५४१ | ०३/१२/२०८० | वडा नं २ कार्यकक्ष | ३८१७०२ |
| ५३४ | ०३/११/२०८० | वडा नं १४ कार्यालय परिसर निर्माण | २५२५२२ |
| ४९६ | २०८०/०२/३२ | वडा नं १० कार्यालय भवन निर्माण | ३४९६८६ |
| ६७४ | ०३/२३/२०८० | वडा नं १० कार्यालय भवन निर्माण | २३४०७२ |
| ३१ | ०६/२८/२०७९ | वडा १४ कार्यालय परिसर निर्माण | २८०३२९ |

| | | | |
|---|---|---|---|
| ९० | ०९/११/२०७९ | वडा १३ कार्यालय परिसर निर्माण | ४३०६२० |
| ७० | ०८/२५/२०७९ | वडा ४ कार्यालय परिसर निर्माण | ४७३५२१ |
| ७ | ०५/१७/२०७९ | वडा ९ कार्यालय भवन निर्माण | १८१४३९ |
| ५६२ | ०३/१७/२०८० | वडा कार्यालय १३ सि.सि.क्यामेरा जडान | ४७७७२५ |
| १९९१ | ०३/२३/२०८० | वडा कार्यालय ९ भवन निर्माण | ४७९००० |
| ११५३ | १२/२१/२०७९ | वडा कार्यालय ५ भवन निर्माण | ४७७७२ |
| २७९ | १२/२०/२०७९ | वडा कार्यालय ९ भवन निर्माण | ४५०९७१ |
| ७०१ | ०३/२४/२०८० | वडा कार्यालय भवन निर्माण | ४४४२०६ |
| ४१३ | २०८०।२।१६ | वडा नं ११ नगर स्वास्थ्य केन्द्र सभाहल निर्माण | १९४००० |
| ५६१ | २०८०।३।१६ | नगरस्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ३ | २००००० |
| | | जम्मा | ५१००१७१ |

## ४८ बढी भुक्तानी

४८.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले सार्वजनिक निर्माणको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ९७(४) मा उपभोक्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारका भुक्तानीमा सम्झौतामा उल्लेख भएभन्दा बढी भुक्तानी भएकोले सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| गो भौ नं | योजना तथा उपभोक्ता समिति | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १०४।९।२१ | जे के निर्माण सेवालाई ग्राभलिंग | ८१४८२ | ८१४८२ | ८३५९० | २१०९ |
| ६४२।३।२२ | चितवन चिउरा मिलदेखि बुद्धटोल थला निर्माण उपभोक्ता समिति | १४५०६२७ | १४५०६२७ | १४५५१३६ | ४५०८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६१७ |

४८.
२

पालिकाले सेरिमार्ग वेलचोक देखि पुर्व उच्च ग्राभेल समितिलाई ग्राभेलको लागी रु.२०,५८,०६१.०० को लागत अनुमान तयार गरी काम गराएकोमा रु.१५०००० को नगद साझेदारी र श्रमदान रु.६५०६१।९३ सहितको लागत सहभागिता गर्ने उल्लेख भएकोमा कन्टिन्जेन्सि र लागत सहभागिता समेत २११५०६१।९३ को लागत अनुमान तयार भएको देखिँदा उपभोक्ता समितिवाट जम्मा रु १८९२०२०।१९ को काम भएको देखिन्छ । लागत सहभागिता र कन्टिन्जेन्सि कट्टा गरी जम्मा रु.१६९४३०९।७७ मात्रै भुक्तानी दिनुपर्नेमा रु.१७९८७९६।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,४८७ |

४९ **सव कन्ट्र्याक्टरवाट काम गराएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब—कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ ।कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यस पालिकाले विभिन्न योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी निम्नानुसार सब—कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मु.अ.कर समेत भुक्तानी गरेको । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब—कन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो ।सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

| गो भौ नं | योजना तथा उपभोक्ता समिति | भुक्तानी रकम | सव कन्ट्रयाक्टरको विल | |
|---|---|---|---|---|
| | | | सव कन्ट्रयाक्टर | रकम |
| २३२।११।२९ | कैलाशटोल शिवमार्ग आर सि सि ढलान उपभोक्ता समिति | १०३०००० | सम्राट विल्डर्स | ८४७६३६ |
| ३११।१।४ | जमुनापार घोर्लेदेखि मोतिवहादुर चोक सडक मर्मत उपभोक्ता समिति | ६२४९७२ | न्यु एस वि कन्स्ट्रक्सन | ६१७५८८ |
| ३७७।१।३१ | वेलको रुखदेखि सेरीसम्म कालोपत्रे वडा नं ४ | १२००२०० | जय माँ दक्षिणकाली कन्स्ट्रक्सन | १२००२१० |

५० **नगरप्रमुखवाट भुक्तानी स्विकृत -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाको वार्षिक कार्यक्रम नीति नगर सभावाट स्विकृत भएबमोजिम गरिनुपर्ने व्यवस्था रहेकोमा देहायका कार्यक्रमहरुमा नगर प्रमुखवाट टिप्पणी तथा भुक्तानी निर्णयार्थ स्विकृत गराई खर्च लेखेकोमा नगरसभावाट अनुमोदन भएको पाईएन । नगरसभावाट बजेट पारीत भई खर्चको लागी प्रमुख प्रशासकिय अधिकृतलाई खर्चको अख्तियारी प्रदान गरेकोमा ५ लाख वढीका सवै भुक्तानीको लागी नगरप्रमुखवाट स्विकृत गर्ने गरेको पाईयो । यस सम्वन्धमा सुधार हुनुपर्दछ ।

| गो भौ नं | कार्यक्रम तथा भुक्तानी योजना | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ४३५।२।१९ | जनजागृति मा वि सडक कालोपत्रे | १२०४१९९ | नगर प्रमुखवाट भुक्तानी खर्चका लागि टिप्पणि सदर |
| ४३९।२।२१ | शान्तिनगर टोल कालोपत्रे | ५६९००० | नगर प्रमुखवाट भुक्तानी खर्चका लागि टिप्पणि सदर |
| १११।९।२४ | बकुलहर विद्यालय योजना | ९०६५२२ | नगर प्रमुखवाट भुक्तानी खर्चका लागि टिप्पणि सदर |
| १५३।१०।२२ | बकुलहर मा वि | ८०१८५१ | नगर प्रमुखवाट भुक्तानी खर्चका लागि टिप्पणि सदर |

५१ **स्वास्थ्य विमा कार्यक्रम -** स्वास्थ्य विमा वोर्डवाट स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा वीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२००००।०० का दरले अधिकतम रु. २ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य वीमा वोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा पालिकामा स्थायि वसोवास भएका सर्वसाधारणले तिर्नुपर्ने विमा शुल्क रकम पालिकाले स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत जम्मा रु १ करोड १० लाख विनियोजन गरी रु १ करोड ९ लाख ९९ हजार खर्च लेखेको छ ।संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागी पालिकावाट सर्वसाधारणको तर्फवाट शुल्क तिरी विमा गराएको देखिन्छ । संघिय सरकारको कार्यक्रममा स्थानिय सरकारवाट शत प्रतिशत नै शुल्क तिरी खर्च गरेको पाईयो । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

५२ **दुधमा अनुदान वितरण -** बागमति प्रदेशको स्विकृत निति तथा कार्यक्रम २०७८।७९ तथा २०७९।८० मा दुधमा अनुदान वितरण गर्ने निति उल्लेख छ । तत्पश्चात् पालिकाको निति तथा कार्यक्रम आएको

अवस्थामा एउटै सहकारी संस्था मार्फत् एकै किसानलाई पालिकाकै सिफारिसमा पालिका र प्रदेश सरकारवाट दोहोरो अनुदान वितरण हुने देखिन्छ । आ व २०७९।८० मा पशुपन्क्षी तथा मत्स्य निर्देशनालयले समेत प्रतिलिटर ३.६८ का दरमा दुधमा अनुदान दिएकोमा पालिकाले प्रतिलिटर रु.१ का दरमा दुधमा अनुदान वितरण गरेको छ । अतः प्रदेश सरकार मार्फत् प्रतिलिटर दुधमा अनुदान प्रदान गर्ने कार्यक्रम आएपश्चात् दोहोरोपर्ने गरी पालिकावाट अनुदान वितरण भए नभएको सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| क स | भुक्तानी पाउने संस्थाको नाम | ठेगाना वार्ड न | लिटर | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | श्री अमृत धारा | रनपा १ | ८१५९५४ | १ | ८१५९५४ |
| २ | श्री कन्चन | रनपा १२ | २१३७५४ | १ | २१३७५४ |
| ३ | श्री शिवाधरा | रनपा १२ | २१५६२५ | १ | २१५६२५ |
| ४ | श्री शान्तिकुन्ज | रनपा १२ | २१३७०६ | १ | २१३७०६ |
| ५ | श्री कृष्ण | रनपा ११ | १३३८५९ | १ | १३३८५९ |
| ६ | श्री जय मंगला | रनपा १३ | ४७१७८२ | १ | ४७१७८२ |
| ७ | श्री हरिहर | रनपा १० | ४५६२६८ | १ | ४५६२६८ |
| ८ | श्री हिमचुली | रनपा १५ | ४११६९४ | १ | ४११६९४ |
| ९ | श्री जिवानधारा | रनपा १३ | ३७४६२५ | १ | ३७४६२५ |
| १० | श्री पन्चामृत | रनपा १० | ८५५६९ | १ | ८५५६९ |
| ११ | श्री कालिका प.वि. के | रनपा १५ | २८४४४० | १ | २८४४४० |
| १२ | श्री नव जनकल्यण दु | रनपा १६ | ६००६२९ | १ | ६००६२९ |
| १३ | श्री शान्ति धारा | रनपा ३ | ८४२३१ | १ | ८४२३१ |
| १४ | श्री जन हित | रनपा १३ | १८०६०९ | १ | १८०६०९ |
| १५ | श्री जन प्रिय कृषि | रनपा १३ | २२०६८१ | १ | २२०६८१ |
| १६ | श्री भद्रकाली | रनपा १६ | ७५२६३३ | १ | ७५२६३३ |
| १७ | श्री पन्चारतन | रनपा ११ | २४११८६ | १ | २४११८६ |
| १८ | श्री गौरी | रनपा ५ | ४१८१७२ | १ | ४१८१७२ |
| १९ | श्री मनकामना | रनपा १५ | ४८१४३ | १ | ४८१४३ |
| २० | श्री पिठुवा | रनपा १६ | ९०८७१२ | १ | ९०८७१२ |
| २१ | श्री नव मिलिजुली | रनपा १५ | ४५५४१ | १ | ४५५४१ |
| २२ | श्री कृष्ण गाई फर्म | रनपा १५ | ३१९३९ | १ | ३१९३९ |
| २३ | श्री पन्चायान | रनपा १५ | ६४५१६४ | १ | ६४५१६४ |
| | | | ७८५४९१६ | | ७८५४९१६ |

५३ **सडक वत्ति जडान -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न वडामा सडक वत्ति जडान तथा मर्मतको लागी वडातर्फ रु.३४३९००० बजेट विनियोजन भई अन्य विविध मर्मत समेत गरी जम्मा रु.३४५२०७३ खर्च भएको छ । आवश्यक्ता र खरिद योजना अनुरुप खरिद प्रकृया अगाडी वढाउनुपर्नेमा खरिदको लागी उपभोक्ता समिति र कोटेशनको आधारमा खर्च लेख्ने गरेको पाईयो । एउटै प्रकृतिको कार्यको लागी ठेक्का बन्दोवस्त नगरी कोटेशन समेतवाट खरिद गरेको देखिएकोले यस्तो खरिद कार्य गर्दा ऐन तथा नियमावलीमा भएको ब्यबस्था अनुरुप खर्च हुनुपर्दछ ।

५४ **एज विल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरीद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धीत निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने र पेश नगरेमा निश्चित रकमको भुक्तानी रोक्का राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले जन जागृति विद्यालयको भवन निर्माणका लागि निर्माण व्यवसायी नेचुरल फर्निसिङ एण्ड कन्ट्रक्सन प्रा लि लाई अन्तिम भुक्तानी दिएकोमा एज विल्ट नक्सा पेश नगरेकोले सम्झौता वमोजिम रकम रोक्का नराखी भुक्तानी भएकोले उक्त सम्झौता मा भएको व्यवस्था वमोजिम एज विल्ट नक्सा सम्वन्धित निर्माण व्यवसायीवाट पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

५५ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम २०७५ को सि. न .५. मा पहिलो किस्ताको ६० प्रतिशत रकम दिनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले यस आ व मा छनौट भएका ७४ जना रु ७५०००। को ६० प्रतिशतले हुने रु ३३३००००। रकम सम्वन्धित लाभग्राही को खाता मा निकासा दिएको मा सो निर्देशिका अनुसार लाभग्राही समुदायले सोही काममा खर्च गरे नगरेको पालिका वाट नियमित अनुगमन गरिनु पर्ने देखिन्छ ।

५६ **कार्यविधिमा उल्लेख भएअनुसारमा प्रतिवेदन तयार नगरेको -** शिक्षा मानव श्रोत तथा विकास केन्द्र वाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई भौतिक पुर्वाधारमा निर्माण व्यवसायीवाट विद्यालयको भवन निर्माण भइ रहेकोमा वचत रकम पालिकाले मिति २०८०।३।२२ निर्णय अनुसार निम्नानुसारका विद्यालयहरुमा वजेट सीमितता कारण देखाइ निकासा नभै वाकी रहेको रकम संघीय सरकारको खातामा फर्ता पठाउनु पर्नेमा विद्यालयहरुको खातामा पठाएको देखिएकोले वजेट फ्रिज हुने उद्देश्य राखी विद्यालयको खातामा पठाएको साथै राष्टपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को सि न १३ को ३ मा कार्यक्रम कार्यान्यन गर्न निकाय र सार्वजनिक शैक्षिक संस्थाले केन्द्र वाट कार्यक्रम पुस्तिकामा तोकिएको ढाचामा कार्य सम्पन्न प्रतिवेदन र वार्षिक प्रतिवेदन तयार गरी केन्द्रमा पठाउनु पर्ने समेत नपठाएको रकम नियमित नदेखिएको रु.

| सि न | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | नेपाल मा वि | २३८४०००। |
| २ | मालापुर मा वि | ७८५०००। |
| जम्मा | | ३१६९०००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,६९,००० |

५७ **विद्यालयलाई वढी निकासा-** शिक्षा नियमावली मा विद्यालयहरुमा शिक्षकहरुको तलव निकासा गर्दा त्रैमासिक माग फारमका आधारमा निकासा दिनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले पन्चकन्या माध्यमिक विद्यालय जिरौना मा कार्यरत शिक्षक तीर्थराज सुवेदी मिति २०७९।१२।१ वाट अनिवार्य अवकाश भएकोमा निजलाई तेश्रो चौमासिकको तलव भत्ता समेत निकास भएकोले अवकाश पछि पनि भुक्तानी भएको रु ५३३४०। असुल गर्नु पर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,३४० |

५८ **ढुंगा गिटी वालुवाको ठेक्का आम्दानी सम्वन्धमा-** पालिकाले आर्थिक वर्ष २०७९।८० को लागि विस्तृत वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार यस पालिकाको कार्यक्षेत्र कयर खोला (ख) (ग) समेतको ढुंगा गिटी वालुवा निकाल्न का लागि यस वर्ष सुचना प्रकाशन मिति २०७९।११।२५ मा सुचना प्रकाशन अनुसार बढी कबोल अकं पेश गर्ने जि. आर. एम. कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ले मु अ कर सहित रु१२१०२३००। पेश गरेकोमा निजले पालिकालाई बुझाउनु पर्ने रकम सम्झौताको सि न ५० मा पालिकालाई मिति २०८०।२।१० गते भित्रमा दोश्रो किस्ता रकम वुझाइसक्नु पर्ने उल्लेख भए अनुसार निज प्रा लि ले मिति २०८०।२।२ मा रु ५३५५०००। मिति २०८०।२।२१ मा रु १५०००००। मिति २०८०।२।२९ मा रु २००००००। मिति २०८०।२।३० मा १२०००००। र मिति २०८०।३।२५ मा रु ६५००००। गरी मु. अ. कर वाहेक जम्मा रु १०७१००००। दाखिला गरेको छ ।अन्तिम दाखिला गर्ने मिति २०८०।२।१० मा निजले रकम जम्मा गर्ने ५ दिनको म्याद थप माग गरेकोमा कार्यालय वाट कुनै कारवाही भएको पाइएन ।सोहि मिति भित्र नीजले मु. अ. कर र अग्रीम कर समेत वुझाउनु पर्नेमा अग्रीम कर समयमा नै वुझाएको र मु. अ. कर प्रथम किस्ता तोकिएको समयमा वुझाएको र बाँकी किस्ता मिति २०८०।६।३० मा रु ६९६१५० मा वुझाएकोले छ ।माथि उल्लेखित रकम रु २००००००। १३ दिन ढिला ,१२०००००। १५ दिन ढिला र ६५००००।३९ ढिला दाखिला गरेकोले मु. अ. कर ऐन २०५२ को दफा २६ यस ऐन अनुसार वुझाउनु पर्ने कुनै रकम म्याद भित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मिति देखि बुझाउन वाकी रकममा व्याज लाग्ने छ र दर १५ प्रतिशत लाग्ने व्यवस्था अनुसार ढिला दाखिला गरेको देखिएकोले वुझाउन वाकी रकममा लाग्ने व्याज रु २८४९७ असुल गरी दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,४९७ |

५९ **विज्ञापन कर** - पालिकाले आफ्नो कार्यक्षेत्र भित्र दुई आर्थिक वर्षका लागि आ व २०७९।८० र २०८०।८१ का लागि न्यनुतम कवोल अंक रु ६००००००। मु अ कर सहित मिति २०७९।१।२३ मा सुचना प्रकाशन गरी सो को आधारम सवैभन्दा वढी अंक कवोल गर्ने दिप्सना मल्टी प्रपोज प्रा लि ले मु अ कर सहित ६७९५५३७।५० कवोल गरी मिति २०७९।३।३१ मा सम्झौता भइ सम्झौताको सि न ४ मा सम्झौताको ५० प्रतिशत रकम सम्झौता हुनु भन्दा अगाडी दाखिला गर्नु पर्ने र वाकी रकम प्रथम किस्ता मिति २०८०।३ असार भित्र दाखिला गरी र वाकी रकम २०८१।जेठ मसान्ततक भित्रमा दाखिला गर्नु पर्ने गरी सम्झौता भएकोमा वागमति प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट प्रकाशित प्रदेश आर्थिक ऐन २०७९ को दफा ५ को सि न ५ मा स्थानीय निकायले विज्ञापन कर उठाउन पाउने तोकिएको समयमा रकम नवुझाएमा स्थानीय तहले सो अवधि नाधेको तीन महिना सम्म उक्त रकमको १० प्रतिशत र सो अवधि पछी कर नवुझाएमा वुझाउनु पर्ने कर रकमको १५ प्रतिशतका दरले व्याज लगाइ असुल गरिने व्यवस्था रहेकोमा निज विप्सना मल्टी प्रपोजलाई नगर सभाको २०८०।८१ को १२ औ वैठकले विज्ञापन राखिने होल्डिङ्ग वोर्डको पहिला १२ फिट को अनुमति दिएकोमा पछी २० फीट सम्मको लागि छुट दिने निजले सम्झौताको अवधिमा पालिकालाई वुझाउनु पर्ने रकम ५० प्रतिशतले वुझाएको र वाकी पचास प्रतिशतमा पचास प्रतिशत ले हुने रकम १६९८८८४ छुट दिएकोले प्रदेश आर्थिक ऐनमा विज्ञापनमा छुट दिने व्यवस्था नभएकोमा पालिकाले छुट दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६९,८८४ |

६० **फोहोरमैला व्यवस्थापन सेवा शुल्क** - पालिकाले आफ्नो कार्यक्षेत्र भित्र फोहोरमैला व्यवस्थापनका लागि न्यनतम कवोल अंक रु १२००००० । कायम गरी मिति २०७९।१।२३ सुचना प्रकाशन गरी ६ वटा फर्म मध्धे सवैभन्दा बढी वकोल गर्ने नेपाल पव्लिक एण्ड इन्भाइरोमेन्ट फर डेभलमेन्ट प्रा लि न्यरोड पोखरा ले रु ४२००००० मु अ कर सहित कवोल अंक गरेकोमा निज संग मिति २०७९।३।३१ मा सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त तथा वन्देज को सि न ६ स्वीकृत वोलपत्र दाताले नगरपालिकामा सम्झौता गर्नु अगावै सम्झौता रकमको ५० प्रतिशतले हुने रकम रु २१०००००। वुझाउनु पर्ने र वाकी रकम को कार्य सम्पादन कार्यसम्पादन जमानत पेश गर्नु पर्ने र जमानीको म्याद सम्झौता को समयावधि समाप्त भएपछी १३ महिनाको हुने उल्लेख भएकोमा निज संग पालिकाले माथि उल्लेख गरिएको शर्त तथा वन्देज विपरित निजले सम्झौता हुनुभन्दा अगाडी रकम दाखिला तथा वैक जमानत समेत पेश नगरी सम्झौता गरी निजलाई कार्यदिश दिएको छ ।सम्झौता वमोजिम दोश्रो किस्ता कुल कवोल रकमको २५ प्रतिशत २०७९ साल पौष मसान्त भित्र र अन्तिम किस्ता वापत कुल कबोल रकमको २५ प्रतिशत २०७९ साल चैत मसान्ततक वुझाउन पर्ने उल्लेख छ तर आपुर्तिकर्ताले कार्य सम्पादन जमानत पेश गर्नुपर्ने वैक अफ काठमाण्डौको मिति २०७९।१२।२९ का दुई चेक रु १०५००००। चेक पेश गरेको तर वैकमा दाखिला नभएको । निजले मिति २०७९।४।१ मा रु १९०००००। दाखिला गरेको वैक स्टेटमेन्ट वाट देखिन्छ भने मिति २०८०।१।३० मा रु १०५००००। र मिति २०८०।३।३१ मा रु २०००००।गरी जम्मा रु ३१५००००। जम्मा दाखिला भएको छ । मु अ. कर. ऐन २०५२ को दफा २६ यस ऐन अनुसार वुझाउनु पर्ने कुनै रकम म्याद भित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मिति देखि

बुझाउन वाकी रकम व्याज लाग्ने छ र दर १५ प्रतिशत लाग्ने व्यवस्था अनुसार लेखापरीक्षण अवधि मिति २०८०।१०।४ सम्म पनि वाकी रकम दाखिला भएको छैन ।मु अ कर अनुसार ढिला दाखिला भएको देखिएकोले सो मा लाग्ने व्याज समेत असुल गर्ने पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५०,००० |

६१ **संघीय वजेट तर्फ विद्यालय भवन निर्माण**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३३ मा स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य क्रियाकलापमा खर्च गर्ने पर्ने अवस्था भएमा सम्वन्धित अथवा नयाँ कार्यक्रम संञ्चालन गर्नु पर्ने भएमा कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले जन जागृति विद्यालयको भवन निर्माणका लागि कुल वजेट ४६६७०२३६।२१ कायम भई न्यनतम मुल्यांकन गर्ने नेचुरल फर्निसिङ एण्ड कन्ट्रक्सन प्रा लि संग २०८०।३।१५ भित्रमा काम सम्पन्न गर्ने गरी रु ३७०४०६५२।०८ सम्झौता भइ निज निर्माण व्यवसायीलाई ३६०९०११८। भुक्तानी भइ सकेपछि वजेट वाकी रहेको भनि सोही विद्यालयको चौथो निर्माण गर्नका लागि १९९७१३२।२२ लगत अनुमान वनाई सोही निर्माण व्यवसायी संग रु १९२१५७८।५२ को सम्झौता गरी सो कामको लागि भनि रु ९३८९५०।६९ भुक्तानी दिएको देखिएकोले कार्यक्रम संशोधन नगरी वजेट वाकि रहेको भनि खर्च लेखु लाई नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,३८,९५० |

६२ **पूर्वनिर्धारित क्षतिपूर्ति**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले हाउस अफ ईन्जिनियरिङ्ग एनलाईसिस एण्ड डिजाईन कन्सल्टेन्सि सँग नाला तथा सडक लेन डि पि आरको लागी मिति २०७९ मंसिर ७ मा रु ९७४३४२ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको छ । सम्झौता को शर्त बुँदा नं १.७ मा सम्झौताको अवधि ३० दिनमा कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । परामर्शदाता कम्पनिले सम्झौताको अवधिभन्दा ४८ दिन ढिला गरी मिति २०७९ माघ २५ मा मात्र डि पि आर प्रतिवेदन पेश गरेकोले नियमानुसार प्रतिदिन रु.४८७ का दरमा ४८ दिनको जम्मा रु २३३८४ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३८४ |

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: रत्ननगर नगरपालिका, चितवन , भरतपुर महानगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | छविलाल सुवेदी | २०७९-४-१ | २०८०-९-१५ |
| कार्यालय प्रमुख | सुकदेव लम्साल | २०८०-९-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण प्रसाद सुवेदी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०२९,२३४ | ६,३४४,३६९ | ११,७९७,८२९ | ० | ० | १००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २०,२७१,४३२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,२७१,४३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६८६९७२१९७.४१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६४६६१००१६ | चालु खर्च | ७६५९६९११३.८२ |
| प्रदेश सरकारबाट अनुदान | ८६५१४०७० | पूँजीगत खर्च | ४४७९४५००० |
| राजश्व बाँडफाँट | २३४१४८२७६.५ | वित्तीय/अन्य व्यवस्था | ३२२५३९००६.०८ |
| आन्तरिक आय | १५९३१६१०४.५८ | | |
| अन्य आय | ३३८७४९९१७.५९ | | |
| कुल आय | १४६५३३८३८४.६७ | कुल खर्च | १५३६४५३११९.९ |
| बाँकी मौज्दात | | ६१५८५७४६२.१८ | |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०४३००
वित्तीय प्रतिवेदन आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१

प्रासी भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ | जम्मा |
| प्रासी (क+ख) | | १,७५,३४,३६,७१०.०० | १,१५,७५,८५,८२२.१८ | | १,१५,७५,८५,८२२.१८ | १,१५,१२,९८,६८५.६८ | | १,१५,१२,९८,६८५.६८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १,७३,३४,३६,७१०.०० | १,०९,५१,२८,८१५.२५ | ०.०० | १,०९,५१,२८,८१५.२५ | १,१३,७५,७४,००१.१८ | ०.०० | १,१३,७५,७४,००१.१८ |
| ११००० कर | ११ | २४,२९,४३,०००.०० | २६,४५,१६,७५५.५७ | ०.०० | २६,४५,१६,७५५.५७ | ३७,१३,६१,५८८.७५ | ०.०० | ३७,१३,६१,५८८.७५ |
| १३००० अनुदान | | ७७,३८,९५,०००.०० | ७६,६५,५३,८९०.२२ | ०.०० | ७६,६५,५३,८९०.२२ | ६७,७०,४८,४०३.३२ | ०.०० | ६७,७०,४८,४०३.३२ |
| संघीय सरकार | १२ | ६६,६४,४६,०००.०० | ६४,६६,१०,०१६.०० | ०.०० | ६४,६६,१०,०१६.०० | ५८,६४,९१,५३३.३२ | ०.०० | ५८,६४,९१,५३३.३२ |
| प्रदेश सरकार | १२ | ९,२४,४९,०००.०० | ८,६५,१४,०७०.०० | ०.०० | ८,६५,१४,०७०.०० | ७,७९,३५,०००.०० | ०.०० | ७,७९,३५,०००.०० |
| जनसहभागिता | | १,५०,००,०००.०० | ३,३४,२९,८०४.२२ | ०.०० | ३,३४,२९,८०४.२२ | १,२६,२१,८७०.०० | ०.०० | १,२६,२१,८७०.०० |
| १४००० अन्य राजस्व | | ७,२६,७०,२००.०० | ६,३६,४०,६९५.४१ | ०.०० | ६,३६,४०,६९५.४१ | ८,८८,०७,००९.११ | ०.०० | ८,८८,०७,००९.११ |
| १५००० विविध प्राप्ति | | १,००,०००.०० | ४,१७,४७४.०५ | ०.०० | ४,१७,४७४.०५ | ३,५७,०००.०० | ०.०० | ३,५७,०००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ६४,३८,२८,५१०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | २,००,००,०००.०० | ६,२४,५७,००६.९३ | | ६,२४,५७,००६.९३ | १,३७,२४,६८४.५० | | १,३७,२४,६८४.५० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २,००,००,०००.०० | ५,१२,७६,९४३.९३ | ०.०० | ५,१२,७६,९४३.९३ | ३९,३२,४४२.०० | ०.०० | ३९,३२,४४२.०० |
| धरौटी | | ०.०० | १,११,८०,०६३.०० | ०.०० | १,११,८०,०६३.०० | ९७,९२,२४२.५० | ०.०० | ९७,९२,२४२.५० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १,७५,३४,३६,७१०.०० | १,१९,८१,६१,२१०.६५ | | १,१९,८१,६१,२१०.६५ | ९६,९५,३७,२५३.४७ | | ९६,९५,३७,२५३.४७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,७३,३४,३६,७१०.०० | १,२१,३९,१४,११३.८२ | | १,२१,३९,१४,११३.८२ | ९५,४८,४६,०९०.४७ | | ९५,४८,४६,०९०.४७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३७,९४,२६,०००.०० | ३३,२६,५८,१७४.७९ | ०.०० | ३३,२६,५८,१७४.७९ | २९,३९,७८,९१९.३९ | ०.०० | २९,३९,७८,९१९.३९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४७,००,६१,६८८.०० | २८,४७,४५,२८४.८९ | ०.०० | २८,४७,४५,२८४.८९ | २१,९३,९१,७१०.५३ | ०.०० | २१,९३,९१,७१०.५३ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ५०,००,०००.०० | ५०,००,०००.०० | ०.०० | ५०,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| २५००० सहायता (Subsidy) | १८ | ६,९५,४५,५००.०० | ६,२६,६९,५७०.०९ | ०.०० | ६,२६,६९,५७०.०९ | ५,३५,४७,२९२.०० | ०.०० | ५,३५,४७,२९२.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,८८,८०,५००.०० | ९७,८३,८१९.०० | ०.०० | ९७,८३,८१९.०० | १,७८,८५,८५७.०० | ०.०० | १,७८,८५,८५७.०० |
| २८००० अन्य खर्च | १८ | ८,२७,५०,०००.०० | ७,११,१२,२६५.०५ | ०.०० | ७,११,१२,२६५.०५ | ५२,०५,१२७.८२ | ०.०० | ५२,०५,१२७.८२ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ७०,७७,७३,०२२.०० | ४४,७९,४५,०००.०० | ०.०० | ४४,७९,४५,०००.०० | ३६,४८,३७,१८३.७३ | ०.०० | ३६,४८,३७,१८३.७३ |
| घ. अन्य भूक्तानी | | २,००,००,०००.०० | (१,५७,५२,९०३.१७) | | (१,५७,५२,९०३.१७) | ९६,९५,३७,२५३.४७ | | ९६,९५,३७,२५३.४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | २,००,००,०००.०० | ७७,०२,४२९.०० | ०.०० | ७७,०२,४२९.०० | ७०,८०,३६२.०० | ०.०० | ७०,८०,३६२.०० |
| धरौटी | | ०.०० | ७९,३९,४३८.०० | ०.०० | ७९,३९,४३८.०० | ७६,१०,८०१.०० | ०.०० | ७६,१०,८०१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,१३,९४,७७०.१७) | | (३,१३,९४,७७०.१७) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४,०५,७५,३८८.४७) | | (४,०५,७५,३८८.४७) | १८,१७,६१,४३२.२१ | | १८,१७,६१,४३२.२१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५३,११,०५,६८१.६७ | | ५३,११,०५,६८१.६७ | ३,३१,९२,१९२.२४ | | ३,३१,९२,१९२.२४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४९,०५,३०,२९३.२० | | ४९,०५,३०,२९३.२० | २१,४९,५३,६२४.४५ | | २१,४९,५३,६२४.४५ |
| बैंक तथा नगद बाकी | २४ | | ४७,२६,४६,७९८.१० | | ४७,२६,४६,७९८.१० | ३३,२२,५०,१४३.९९ | | ३३,२२,५०,१४३.९९ |

## बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -४

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| कर्मचारीको तलब संचयकोष विमा आदी खर्च | कौशिला मली | स्विपर/माली | २०,०००.०० | ०.०० | २०,०००.०० |
| कर्मचारीको तलब संचयकोष विमा आदी खर्च | राजन मली | स्विपर/माली | २०,०००.०० | ०.०० | २०,०००.०० |
| पारिश्रमिक कर्मचारी तलब संचयकोष विमा | राजन मली | स्विपर/माली | ६०,०००.०० | ०.०० | ६०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| भ्रमण खर्च | शिशिर पौडेल | प्र प्र अ | २५,०००.०० | ०.०० | २५,०००.०० |
| प्रदेश सरकार समपुरक अनुदान कोष (म्याचिङ फण्ड) | जे.के.कन्स्ट्रक्सन | | ४,१८,२१२.०० | ०.०० | ४,१८,२१२.०० |
| प्रदेश सरकार तर्फको योजनाको लागि म्याचिङ फण्ड (वाटर किन्डम पार्क ) नगरपालिका बाट व्यय भार पर्ने | न्यु टेक्निकल । सिनर्जी जे. भी. | | ८४,००,०००.०० | ०.०० | ८४,००,०००.०० |
| वडा नं. २ र ४ (२x८०) बाटो निर्माण | पि.के. निर्माण सेवा | | ४,५०,०००.०० | ०.०० | ४,५०,०००.०० |
| वडा नं. २ र ४ (२x८०) बाटो निर्माण | मनकामना कन्ट्रयाक्टर्स एण्ड बिल्डर्स प्रा.लि | | ७,६४,०००.०० | ०.०० | ७,६४,०००.०० |
| विविध सार्वजानीक निर्माण | सैयन कन्स्ट्रक्सन | | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| कालोपत्रे निर्माण वडा नं. १० | सुसन कन्स्ट्रक्शन | | ४,७०,०००.०० | ०.०० | ४,७०,०००.०० |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण रनपा ९ | अतिश कन्स्ट्रक्सन प्रा. लि. | | १,९०,०००.०० | ०.०० | १,९०,०००.०० |
| मालपुर गणेश मन्दिरबाट चराचोक हुँदै सामुदायिक मार्गमा फुटपाथ सहित नाला निर्माण क्रमागत योजना, वडा नं. ६ र ७ | शिवम् कन्सट्रक्सन | | ५,३७,४८०.०० | ०.०० | ५,३७,४८०.०० |
| राष्ट्रपति शैक्षीक सुधार कार्यक्रम कक्षा कोठानिर्माण ( २कोठे तथा ४ कोठे भवन निर्माण ) | एस. ओ. कन्स्ट्रक्सन प्रा.लि. | | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| सडक वोर्ड वाट संचालित विभिन्न योजनाहरु (सम्पूर्ण क्रमायत योजना ) | जनजागृति टोल विकास सस्था | | १,६०,०००.०० | ०.०० | १,६०,०००.०० |
| अनामनगर आदर्श टोल समग्र हुदै टाडी टोल वाट वुढी कुलो नाला निमार्ण | अनामनगर टाडी तथा आदर्स टोल सतही नाला निर्माण उ स | | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| बुढीकुलो पुल देखि टाँडी बजार नविनचोक हुँदै शान्तीनगरको कल्भट सम्मको बाँकी भाग र बकुल्लर जयमंगला सडकको दाँया वायाँ ढल सहित फुटपाथ निर्माण( नपाको तर्फवाट प्रदेश समपुरक म्याचिङ) | एस. बि. एम. इन्जिनियरिङ्ग एसोसियट्स प्रा.लि. | | १६,५०,०००.०० | ०.०० | १६,५०,०००.०० |
| जनसहभागिता फिर्ता | जस्पाल कालोपत्रे सडक निर्माण उपभोक्ता समिति | | १,७०,०००.०० | ०.०० | १,७०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| विविध सार्वजनिक निर्माण | नेपाल विधुत प्राधिकरण टाडी शाखा | | ४२,९३,०००.०० | ०.०० | ४२,९३,०००.०० |
| विद्यालय भौतिक/ शैक्षिक सुधार अनुदान कार्यक्रम | बैरिया मा.वि | | ४,८०,०००.०० | ०.०० | ४,८०,०००.०० |
| मनोसमाजिक परामर्श संचालन खर्च | मेड - नेपाल | | २,२००.०० | ०.०० | २,२००.०० |
| विद्यालय भवन निर्माण (अघिल्लो आ ब को क्रमागत ४ कोठे भवन | श्री आधारभुत विद्यादय माधवपुर | | ३,५०,०००.०० | ०.०० | ३,५०,०००.०० |
| अति विपन्न बर्गको पहिचान गरी औषधी उपचारको लागी सहायता कोष स्थापना (न.गौ.यो) | बकुलहर रत्ननगर अस्पताल | | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| चितवन एफ एम देखी पुर्व नेपाल मा.वि सम्मको ढल निकास | चितवन एफ एम देखी पुर्व नेपाल मा.वि सम्म ढल निकास उपभोक्ता समिति | | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| जनसहभागिता रकम फर्ता | दिप नारायण महतो | | १,१२,०००.०० | ०.०० | १,१२,०००.०० |
| जनसहभागिता फिर्ता | पक्की कुलो निर्माण उपभोक्ता समिति | | १,०९,०००.०० | ०.०० | १,०९,०००.०० |
| विविध सार्वजानीक निर्माण | बछौली मुलसडक नाला निर्माण समिति | | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० |
| जनसहभागिता फिर्ता (आव २०७७/७८ को बाँकी) | बटरकुलो कृषि समुह | | ७०,०००.०० | ०.०० | ७०,०००.०० |
| जनसहभागिता फिर्ता (आव २०७७/७८ को बाँकी) | बुद्धचोक ज.जा.मा.वि.सडक मर्मत उ.समिति | | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| मालपुर चौतारा वाट मालपुर मावि सम्म कालोपत्रे मर्मत | मालपुर टोल कालोपत्रे मर्मत निर्माण समिति | | २,७५,०००.०० | ०.०० | २,७५,०००.०० |
| लागत सहभागिताको आधारमा बाटो कालोपत्रे | रायमाझी टोल विकास संथा | | ९,००,०००.०० | ०.०० | ९,००,०००.०० |
| जनसहभागिता रकम फर्ता | लालपर्सा चोक देखी दक्षीण कालोपत्रे उपभोक्ता समिति | | १,२५,०००.०० | ०.०० | १,२५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| जनसहभागिता फिर्ता | वनदेवि आमा समुह | | १,११,०००.०० | ०.०० | १,११,०००.०० |
| हात्तीचोक देखी वडा नं ७ को सिमानासम्मको वाटो | हात्तिचोक- लौखानी टेलिफोन टावर चोक बाट कालोपत्रे मर्मत उ.स. | | ५,७५,०००.०० | ०.०० | ५,७५,०००.०० |
| अन्य /विविध पुर्वाधार निर्माण | पक्कि नाला निर्माण उपभाेक्ता समिति | | ५०,०००.०० | ०.०० | ५०,०००.०० |
| शिवनगर टोल सडक कालोपत्रे वडा न १० | लालीगुंरास मार्ग सडक कालोपत्रे उपभोक्ता समिति | | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० |
| विविध/अन्य सार्वजनिक निर्माण | समिफोद कल्भर्ट निर्माण उपभोक्ता समिति | | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| मागमा आधारित कालो पत्रे नाला निर्माण तथा सार्वजानीक निर्माण | विभिन्न सडक कालोपत्रे उपभोक्ता समिति | | ०.०० | १,००,०००.०० | १,००,०००.०० |
| २५ %२५ अनुदानमा कृषि तथा पशु विमा कार्यक्रम | सुन्दर वस्नेत | | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| कार्यविधी बमोजिम घाँसमा प्रती कठ्ठा अनुदान (न.गौ.यो) | नवराज तिवारी | | ६०,०००.०० | ०.०० | ६०,०००.०० |
| कार्यविधी वमोजिम सहकारी संस्थालाइ दुधमा प्रति ली रु १ अनुदान (न.गौ.यो) | जयन्ति देवि रानाभाट | | १३,००,०००.०० | ०.०० | १३,००,०००.०० |
| | जम्मा | | २५,९४६,८९२.०० | १००,०००.०० | २६,०४६,८९२.०० |